# निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारीता

त्रि.वि. शिक्षा शास्त्र सङ्काय एम.एड. दोस्रो वर्षको आंशिक

आवश्यकता परिपूर्ति गर्नका लागि प्रस्तुत

शोधपत्र

शोधकर्ता

प्रेमकुमारी राई

त्रि.वि.द.नं.: १२७५८-९२

परीक्षा रो.नं: २२२०१

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

वरुण बहुमुखी क्याम्पस खाँदबारी

सङ्खुवा-सभा

२०७१

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक, व्यवस्थापन र शिक्षाशास्त्र अध्ययन सङ्काय
**वरुण बहुमुखी क्याम्पस**
खाँदबारी, संखुवासभा
(जनस्तरमा सञ्चालित)
(स्था : २०४३)
फोन नं. : ०२९-५६०१९५
०२९-५६०६९५

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय वरुण बहुमुखी क्याम्पस खाँदबारी शैक्षिक योजना तथा व्यवस्थापन विषय एम.एड. शोध वर्षका छात्रा प्रेमकुमारी राईले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारीता शीर्षकको शोध पत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । अध्ययन अनुसन्धानको सीमा र मर्मलाई ध्यानमा राखी मेहनतपूर्वक तयार गर्नुभएको यो शोध पत्र देखि म सन्तुष्ट भई मूल्याङ्कनका लागि शोध पत्र मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

.................................
शोध निर्देशक
सन्तोषकुमार बराल

मिति : २०७२/०२/०१

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक, व्यवस्थापन र शिक्षाशास्त्र अध्ययन सङ्काय
वरुण बहुमुखी क्याम्पस
खाँदबारी, संखुवासभा
(जनस्तरमा सञ्चालित)
(स्था : २०४३)
फोन नं. : ०२९-५६०१९५
०२९-५६०६९५

## स्वीकृती-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर तह शोध वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि प्रेमकुमारी राईले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको प्रभावकारीता शीर्षकमा गर्नुभएको शोध पत्र शोध मुल्याङ्कन समितिबाट मुल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

शोध मुल्याङ्कन समिति

| क.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | क्याम्पस प्रमुख टीकाराम गुरुङ्ग | अध्यक्ष | |
| २. | सन्तोषकुमार बराल | शोध निर्देशक | |
| ३. | मोहनमणी पोखरेल | बाह्य सुपरिवेक्षक | |

मिति : २०७२/०२/०६

# प्राक्कथन

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय वरुण वहुमुखी क्याम्पस खाँदवारी स्नातकोत्तर तह द्धितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आंशिक आवश्यकता पूरा गर्नको लागि सङ्खुवासभा जिल्लाको श्री सगरमाथा उ.मा.वि. ताम्कू स्रोत केन्द्रका विद्यालयहरुको निरन्तर विद्यार्थी मूल्याङकन प्रणालीको  प्रभावकारीता विषयमा यो शोध कार्य तयार गरेको छु ।

नेपालमा शिक्षा क्षेत्रमा सरकारको तर्फवाट गरेको लगानीको तुलनामा गुणस्तरीय शिक्षा अपेक्षाकृत रुपमा हुन नसकेको कुरा सवै पक्षवाट स्वीकार गरिएको छ । यसो हुनमा विद्यालय शिक्षामा सहभागिता जुट्न नसक्नु, विद्यालयका सरोकारवालाहरुमा व्यवस्थापकीय सीप र क्षमताको अभाव देखिनु तथा विद्यार्थीहरुको मूल्याङ्कन निर्माणात्मक नभई निर्णयात्मक हुनु प्रमुख कारण रहेका छन् । विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको यथार्थ मूल्याङ्कन भएमा मात्र विद्यार्थीहरुले वीचैमा कक्षा छोड्दैनन्, उनीहरुले असफलता व्यहोर्न पर्दैन, सिकाइमा हौशला तथा उत्प्रेरणा वढ्छ र अपेक्षाकृत शैक्षिक उपलब्धी प्राप्त गर्न सकिन्छ । प्राथमिक शिक्षा पाठ्यक्रम २०६२ अनुसार प्रा. तहमा निरन्तर विद्यार्थी मूल्याङ्कनको व्यवस्था अनिवार्य भए पनि सो हाल सम्म पनि विभिन्न कारणले प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । निरन्तर विद्यार्थी मूल्याङ्कनलाई विद्यालयले औपचारिकतामा मात्र सीमित राखेको अवस्थामा र प्रभावकारी कार्यान्वयन  सन्तोषजनक रुपमा नभएको अवस्थालाई मध्यनजर गरी गरिएको यो अध्ययनले सम्वन्धित व्यक्ति तथा निकायहरुको ध्यानाकर्षण गरी शिक्षाको गुणस्तर वृद्धिमा सहयोग पुग्ने आशा लिएको छु । यो शोध कार्य तयार गर्न मार्ग निर्देश गर्नु हुने शोध निर्देशक श्री सन्तोष कुमार वराल प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । शोधकार्यमा निरन्तर उत्प्रेरणा दिनु हुने क्याम्पस प्रमुख श्री टिकाराम गुरुङ तथा सम्पूर्ण क्याम्पस परिवार प्रति आभार व्यक्त गर्दछु । यसैगरी यथार्थ तथ्याङ्क उपलब्ध गराउनु हुने  ताम्कू स्रोतकेन्द्रका स्रोतव्यक्ति श्री नीलमणि पोखरेल, विद्यालयका प्र.अ., शिक्षक,  वि.व्य.स. पदाधिकारी तथा अध्यक्ष ज्यूहरु प्रति आभार व्यक्त गर्दछु । साथै यस शोत्रपत्रलाई अन्तिम रुप दिन कम्प्युटर सेटिङ्ग गरी सहयोग गर्नुहुने युनिक कम्प्युटर सर्भिस सेन्टर, खाँदबारीलाई पनि धेरै धन्यवाद दिन चाहन्छु ।

शोधार्थी

# शोधसार

हाल नेपालमा विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी एवं व्यवहारिक र प्रयोग योग्य वनाउनका लागि आधारभूत तहको शिक्षा सम्म निरन्तर मूल्याङ्कन प्रणाली अपनाउने प्रयास भएको छ । आधारभूत तहको कक्षा १–७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वियन भई कक्षा १–३ मा पूर्ण रुपमा निरन्तर मूल्याङ्कन प्रणाली र ४ र ५ मा ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली र प्रयोगको अवस्थामा छ । यस्तै कक्षा ६ र ७ मा ४० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली प्रयोगको अवस्थामा छ । विद्यालयहरुमा कार्यान्वियनमा रहेको मूल्याङ्कनको यस अवस्थालाई मध्यनजर गरी निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारीता भन्ने शीर्षकमा यो शोध पत्र तयार गरिएको छ । यसका प्रमुख उद्देश्य सामुदायिक विद्यालयको आधारभुत तहमा कार्यान्वियन गरिएको निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारीताको पहिचान गर्नु , कार्यान्वियनमा आइपरेका समस्याहरु पत्ता लगाई समस्या समाधानका उपायहरु खोजी गर्नु रहेको छ । यी उद्देश्यहरु प्राप्तीका लागि यस संग सम्वन्धीत अनुसन्धानात्मक प्रश्न निर्माण गरी उत्तर खोज्ने प्रयास गरिएको छ ।

वर्तमान अवस्थामा विद्यालयमा विद्यार्थीको मूल्याङ्कन शिक्षण सिकाइ क्रियाकलापवाट मापन गरी निर्धारित उपलब्धी हासिल गर्ने भएता पनि सो सिकाइ उपलब्धि प्राप्त गर्ने भन्दा पनि कक्षा चढाउने वा नचढाउने विषयमा मात्र मूल्याङ्कन केन्द्रित भई यो प्रणाली औपचारिकतामा मात्र सिमित छ । हाम्रो विद्यालयमा मूल्याङ्कनको अर्थ र परिभाषा सङ्कुचित छ, नयाँ, वैज्ञानिक, र व्यवहारिक मूल्याङ्कन प्रणालीलाई विभिन्न वहाना वनाएर प्रयोग गरिएको पाइदैन । शिक्षक तथा सरोकारवालालाई दिइने पेशागत सीप अभिवृद्धिका तालिम, आर्थिक तथा भौतिक सहयोगहरु पनि उपलब्धिमूलक वनेका देखिदैनन् । एउटा विद्यालय र शिक्षकले गरेका राम्रा कार्यलाई अर्को विद्यालय तथा शिक्षक सम्म पुर्‍याउने काम पनि प्रभावकारी रुपमा भएका छैनन् । विद्यालय र माथिल्लो निकाय वीचको सम्वन्ध दुवै शैक्षिक भन्दा पनि प्रशासनिक हुने गरेको पाइन्छ । अनुसन्धानलाई अघि बढाउन यस विषयसँग सम्बन्धित शोध पत्र, दस्तावेज तथा अन्य सन्दर्भ सामग्रीहरुको अध्ययन गरिएको छ । अध्ययनका क्रममा सङ्खुवासभा जिल्लाका ताम्कू स्रोतकेन्द्रका स्रोतव्यक्ति, ताम्कू स्रोतकेन्द्र अन्तरगतका ५ वटा विद्यालयका ५ जना प्रधानाध्यापकहरु, १० जना शिक्षक, ५ जना वि.व्य.स अध्यक्षहरु, १० जना अभिभावक र १० जना विद्यार्थीहरुलाई जनसङ्ख्याको

*रुपमा लिई यो अध्ययन कार्य गरिएको छ । विद्यालय, विद्यार्थी तथा शिक्षकहरुको छनौट गर्दा उद्देश्यपूर्ण नमूना छनौट तथा छ्यासमिसे नमूना छनोटका आधारमा गरीएको छ । अनुसन्धान कार्यका लागि तथ्याङ्क सङ्कलन गर्न प्रश्नावली, समूहछलफलका प्रश्नावली, विद्यालय सर्वेक्षण फारम, अवलोकन तथा छलफल जस्ता सूचना सङ्कलनका साधन एवम् विधिहरुको प्रयोग गरिएको छ । यसरी प्राप्त तथ्याङ्कहरुलाई तालिकीकरण र चार्टको माध्यमद्धारा विश्लेषण र प्रस्तुतीकरण गरीएको छ । प्राप्त तथ्याङ्कलाई विशेष गरी गुणात्मक ढङ्गवाट विश्लेषण गरिएको छ ।*

*यस अध्ययनवाट आधारभूत तहको कक्षा १–७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयन निर्देशिका २०६८ तथा आधारभूत शिक्षा पाठ्यक्रम २०६९ अनुसार जसरी कार्यन्वयन हुनु पर्ने थियो त्यो पूर्ण रुपमा नभएको, प्र.अ. तथा  शिक्षकहरुले निरन्तर मूल्याङ्कन प्रति सकारात्मक धारणा राखेको भए पनि कार्यान्वयनमा पूर्णता नभएको, विद्यालयमा निजी स्रोतमा तालिम अप्राप्त शिक्षक नियुक्ति गरेको, निरन्तर मूल्याङ्कन प्रणाली सम्वन्धी तालिम प्रभावकारी नभएको, आर्थिक तथा भौतिक साधनको अभाव रहेको, शिक्षक दरवन्दी कम रहेको, विद्यालयमा नि.वि.मू. सम्वन्धी फारमहरु विद्यालयमा खडा गरेको, विद्यार्थी उत्तीर्णको प्रमुख आधार परीक्षा प्रणालीलाई नै लिइएको, नि.वि.मू. को कार्यान्वयन आंशिक रुपमा अगाडि वढाइएको, यसको प्रभावकारी कार्यान्वयनमा दायित्व वोध  कमी भएको, माथिल्लो निकायवाट प्रभावकारी अनुगमन कम भएको जस्ता प्रमुख समस्याहरु रहेको पाइयो । निरन्तर मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तालिम, भौतिक, आर्थिक व्यवस्था, अभिभावक सचेतना कार्यक्रम, प्र.अ. तथा शिक्षकहरुकमा दायित्ववोध हुनुका साथै राष्ट्रिय स्तरवाट नै प्रभावकारी कार्यान्वयनका लागि पहल गर्नु पर्ने देखिन्छ । यस प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि माथिल्लो निकायवाट ठोस पहल गर्नुपर्ने, शिक्षकहरुलाई अझै अभ्यास मूलक तालिम प्रदान गरिनुपर्ने, सरोकारवालाहरुमा सकारात्मक धारणा भएको, परीक्षा प्रणालीलाई मात्र मूल्याङ्कनको आधार बनाउन नहुने, शिक्षकहरुलाई अझ बढी उत्तरदायित्व वहन गराउनु पर्ने, विद्यालयमा शिक्षक दरवन्दी वढाउनुका साथै अन्य आर्थिक भौतिक सहयोग सरकारवाट गरिनु पर्ने, दण्ड र पुरस्कारको व्यवस्था गरिनु पर्ने, बाल मैत्री शिक्षण गरीनुपर्ने र  आएका समस्याहरुलाई सवै शैक्षिक सरोकारवालाहरुको संयुक्त प्रयासमा कार्यान्वियन गर्नु पर्ने सुझाउ सहितको निष्कर्ष निकालिएको छ ।*

# विषय सूची

| शीर्षक | पेज नं |
| --- | --- |
| सिफारिस पत्र | i |
| स्वीकृत पत्र | ii |
| प्राक्कथन | iii |
| शोधसार | iv |
| तालिकासूची | vii |
| चित्र सूची | viii |
| केही संक्षिप्त शब्दहरुको अर्थ | ix |
| विषय सूची | x |

परिच्छेद एक :

परिचय

| | |
| --- | --- |
| १.१. अध्ययनको पृष्ठभूमी | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अध्ययनको औचित्य | ४ |
| १.४ अध्ययनको उद्देश्य | ५ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरु | ५ |
| १.६ अध्ययनको परिसीमा | ६ |
| १.७ मुख्य शव्दहरुको अर्थ | ७ |

परिच्छेद दुई :

सम्वन्धीत साहित्यको पुनरावलोकन तथा सैध्दान्तिक ढाँचा

२.१ सम्वन्धीत साहित्यको पुनरावलोकन ८
२.२ अध्ययनको सैद्धान्तिक ढाँचा/आधार १४
२.३ अनुसन्धानमा पुनरावलोकनको प्रयोग ७

## परिच्छेद तीन :
## विधि र प्रक्रिया

३.१ अनुसन्धान ढाँचा १८
३.२ जनसङ्ख्या र नमुना १८
३.३ अध्ययनका साधनहरु १९
३.४ तथ्याङ्कको स्रोत २०
३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया २१
३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया २१

## परिच्छेद चार :
## नतिजाको विश्लेषण र प्रस्तुतीकरण

४.१ निरन्तर विद्यार्थी मूल्याकङ्कनको वर्तमान स्थिति २३
४.२ मूल्याङ्कनका तरिकाहरु २४
४.३ विद्यार्थी मूल्याङ्कनमा प्रयोग भइरहेको तरिका २६
४.४ निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अनुभव २७
४.५ निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अनुगमन/सुपरिवेक्षण २८
४.६ निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अनुगमन/सुपरिवेक्षणबाट प्राप्त नतिजा२९
४.७ उदार कक्षोन्नतीको व्यवस्था ३१
४.८ निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारी कार्यान्वयनमा गर्नुपर्ने कार्यहरु ३२
४.९ निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी बनाउने तरिका ३३
४.१० अपेक्षित शैक्षिक उपलब्धि प्राप्त हुन नसक्नुका कारणहरु ३५
४.११ निरन्तर विद्यार्थी मूल्याङ्कन तथा परम्परागत मूल्याङ्कन बीचको फरक अनुभव ३६

४.१२ निरन्तर विद्‌यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयनमा आएका समस्याहरु ३८
४.१३ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाउने उपायहरु ४०

## परिच्छेद पाँच :

## निश्कर्ष र सुझाव

५.१ निश्कर्ष ४२
५.२ सुझाव ४२

सन्दर्भ सामग्री

अनुसूचीहरु

# तालिका सुची

| तालिका नं | शीर्षक |
|---|---|
| १ | ३.२ अध्ययनमा संलग्न जनसङ्ख्या |
| २ | ४.२ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको मुख्य महत्व |
| ३ | ४.३ निरन्तर विद्यार्थी मूल्याङ्कन बिधि प्रयोगको वर्तमान अवस्था |
| ४ | ४.४ निरन्तर विद्यार्थी मूल्याङ्कनमा प्रयोग गरीएका फारमहरुको वर्तमान अवस्था |
| ५ | ४.५ निरन्तर विद्यार्थी मूल्याङ्कनमा प्रयोग गरीएका फारमहरुको व्यवस्थापन |
| ६ | ४.६ निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अनुभव |
| ७ | ४.७ निरन्तर विद्यार्थी मूल्याङ्कनको अनुगमन/सुपरीवेक्षण |
| ८ | ४.८ निरन्तर विद्यार्थी मूल्याङ्कनको अनुगमनबाट प्राप्त नतिजा |
| ९ | ४.९ उदार कक्षोन्नतिको व्यवस्था |
| १० | ४.१० निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारी कार्यान्वयनमा गर्नुपर्ने कार्यहरु |
| ११ | ४.११ निरन्तर विद्यार्थी मूल्याङ्कनलाई सफल बनाउने तरिका |
| १२ | ४.१२ अपेक्षित शैक्षिक उपलब्धि प्राप्त हुन नसक्नुका कारणहरु |
| १३ | ४.१३ निरन्तर विद्यार्थी मूल्याङ्कन र परम्परागत मूल्याङ्कन बिचको फरक अनुभव |
| १४ | ४.१४ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयनमा आएका समस्याहरु |
| १५ | ४.१५ निरन्तर वि.मू. प्रणाली कार्यान्वयनमा आएका समस्या समाधानका उपायहरु |

# चित्र सुची


| चित्र नं. | शिर्षक |
| --- | --- |
| २ | ४.२ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको मुख्य महत्व |
| ३ | ४.३ निरन्तर विद्यार्थी मूल्याङ्कन बिधि प्रयोगको वर्तमान अवस्था |
| ४ | ४.४ निरन्तर विद्यार्थी मूल्याङ्कनमा प्रयोग गरीएका फारमहरुको वर्तमान अवस्था |
| ५ | ४.५ निरन्तर विद्यार्थी मूल्याङ्कनमा प्रयोग गरीएका फारमहरुको व्यवस्थापन |
| ६ | ४.६ निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अनुभव |
| ७ | ४.७ निरन्तर विद्यार्थी मूल्याङ्कनको अनुगमन/सुपरीवेक्षण |
| ८ | ४.८ निरन्तर विद्यार्थी मूल्याङ्कनको अनुगमनबाट प्राप्त नतिजा |
| ९ | ४.९ उदार कक्षोन्नतिको व्यवस्था |
| १० | ४.१० निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारी कार्यान्वयनमा गर्नुपर्ने कार्यहरु |
| ११ | ४.११ निरन्तर विद्यार्थी मूल्याङ्कनलाई सफल बनाउने तरिका |
| १२ | ४.१२ अपेक्षित शैक्षिक उपलब्धि प्राप्त हुन नसक्नुका कारणहरु |
| १३ | ४.१३ निरन्तर विद्यार्थी मूल्याङ्कन र परम्परागत मूल्याङ्कन बिचको फरक अनुभव |
| १४ | ४.१४ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयनमा आएका समस्याहरु |
| १५ | ४.१५ निरन्तर वि.मू. प्रणाली कार्यान्वयनमा आएका समस्या समाधानका उपायहरु |

# केही सङ्क्षिप्त शब्दहरुको अर्थ

| | |
|---|---|
| उ.मा.वि. | उच्च माध्यमिक विद्यालय |
| प्रा.वि. | प्राथमिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यालय |
| सं.स. | संखुवासभा |
| त्रि.वि. | त्रिभुवनविश्व विद्यालय |
| नियमावली | शिक्षा नियमावली २०५९ (संशोधन सहित) |
| पा.वि.के. | पाठ्यक्रम विकास केन्द्र |
| शै.ज.वि.के. | शैक्षिक जनशक्ति विकास केन्द्र |
| प्र.अ. | प्रधानाध्यापक |
| वि.नि. | विद्यालय निरीक्षक |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| नि.वि.मू. | निरन्तर विद्यार्थी मूल्याङ्कन |
| शै.उ. | शैक्षिक उपलब्धी |
| शै.स. | शैक्षिक सत्र |
| कक्षा १–५ | कक्षा १ देखी ५ सम्म |
| कक्षा १–७ | कक्षा १ देखी ७ सम्म |
| रा.यो.आ. | राष्ट्रिय योजना आयोग |
| उ.शि.आ. | उच्च शिक्षा आयोग |
| प.नि.का. | परीक्षा नियन्त्रण कार्यालय |